आज मिति २०८१ साल ज्येष्ठ ४ गतेका दिन यस खत्याड गाउँपालिकाका अध्यक्ष श्री अज बहादुर शाही ज्यूको अध्यक्षतामा ६४ औं गाउँ कार्यपालिकाको बैठक बसि तपशिलका सदस्यहरुको उपस्थितिमा निम्न निर्णयहरु पारित गरियो।

<u>उपस्थिति</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अज बहादुर शाही | अध्यक्ष | |
| २ | श्री सरिता रोकाया | उपाध्यक्ष | |
| ३ | श्री सिंह बहादुर बुढा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हेमराज मल्ल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रत्नु बानियाँ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री जय बहादुर रावल | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री चित्र बहादुर बुढा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भरत बहादुर शाही | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गोविन्द प्रसाद संज्याल | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री शिवलाल गिरी | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोकेन्द्र भण्डारी | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री कर्ण बहादुर शाही | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री रामकृष्ण कार्की | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री नन्दु भियाल | कार्यपालिका सदस्य | |
| १५ | श्री नविन कुमाल | कार्यपालिका सदस्य | |
| १६ | श्री छुर्मा लुवार | कार्यपालिका सदस्य | |
| १७ | श्री मिना बुढथापा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुकिल्ली थापा | कार्यपालिका सदस्य | |
| १९ | श्री सुकुमाया दमाई | कार्यपालिका सदस्य | |
| २० | श्री बासुदेव कार्की | सदस्य सचिव | |

<u>आमन्त्रीत</u>

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुब वि. क. | जि.स.स. सदस्य | |

निर्णयहरु

निर्णय नं. १ मा छलफल गर्दा स्थानिय पूर्वाधार सहयोग कार्यक्रम कार्यक्षेत्र विस्तारका लागि मिति २०८१।०१।१७ मा प्रकाशित सूचनाबाट स्थानिय निकायले आशयपत्र समावेश गर्ने भएको हुँदा खत्याड गाउँपालिकाले स्थानिय पूर्वाधार सम्बन्धि योजना तथा समाबेसि बजेट निर्माण गर्न स्थानिय पूर्वाधार विकासका लागि नविनतम साधन, विधि र तरिका अवलम्बन गर्नका लागि स्थानिय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानिलाई SuTRA प्रणाली अन्तर्गत लेखाजोखा र सो को लेखापरीक्षण गर्न इच्छुक छौ। कार्यक्रम संचालनका लागि स्थानिय तहमा समन्वय र कार्यान्वयनको लागि प्रतिबद्ध गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

निर्णय नं. २ मा छलफल गर्दा स्थानिय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यक्षेत्र विस्तारका लागि मिति २०८१।०१।१७ गतेको प्रकाशित सूचनाबाट स्थानिय निकायलाई आशयपत्र समावेश गर्न भनिएको बमोजिम ग्रामिण सडक सुधार/पूर्वाधार स्थापनाको लागि २० देखि ४० प्रतिशत साना सिंचाई खानेपानी तथा सरसफाई भवन मर्मत सम्बन्धि आयोजनाका लागि ४० प्रतिशत र विपद् जोखिम न्यूनिकरण / जलवायू उत्थानशिल र वैकल्पिक उर्जाको लागि २० प्रतिशत खत्याड गाउँपालिका सहलगानि गर्न इच्छुक छौ भनि सबन्धित निकायलाई कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

निर्णय नं. ३ मा छलफल गर्दा स्थानिय तह पूर्वाधार सेवा प्रवाह एवं मर्मत संहार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार परिमार्जन अनुमोदन गर्न आवश्यक देखिएको अवस्थामा खत्याड गाउँपालिका इच्छुक भएको प्रतिबद्धता गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

निर्णय नं. ४ माथि छलफल गर्दा स्थानिय पूर्वाधार सम्बन्धि विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानिय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न खत्याड गाउँपालिका ईच्छुक रहेको र सो सम्बन्धि प्रतिबद्धता गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

निर्णय नं. ५ माथि छलफल गर्दा यस खत्याड गाउँपालिकामा मिति २०८१।०२।०२ का दिन भिषण असिना परेका कारण खत्याड गाउँपालिकाको वडा नं. १ को बमकाँडा, वडा नं. २ को जोगिलेख र गोवाचौर, वडा नं ३ को रोल, सैन र वडा नं. ४ को तर्मामा गहु, जौ तरकारी बाली साथै स्याउमा ठुलो क्षेती भएका कारण खत्याड गाउँपालिकाबाट मात्र क्षतीपूर्ति दिनका लागि सम्भव नभएका कारण

नेपाल सरकार संघ, प्रदेश र संघसंस्थामा सहयोगका लागि अनुरोध गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

**निर्णय नं. ६** माथि छलफल गर्दा यस खत्याड गाउँपालिकाको आवधिक योजना हालसम्म बनिनसकेको हुदा खत्याड गाउँपालिकाको आवधिक योजना बनाउनका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान विरेन्द्रनगर सुर्खेत र खत्याड गाउँपालिकाको सहलगानिमा निर्माण गर्ने भनि सर्वसमितिबाट पारित गरियो।

**निर्णय नं. ७** माथि छलफल गर्दा खत्याड गाउँपालिकामा विगत लामो समय देखि बिग्रिएर थन्किएका टिप्पर र जे. सि. भि. मर्मत कार्यका लागि खत्याड गाउँपालिका विपद् शाखामा कार्यरत कर्मचारी कुल बहादुर शाहीलाई मिति २०८०।१२।१७ गते कार्य आदेश दिई सम्पूर्ण मर्मत कार्य सम्पन्न भइ सकेको भनि मेकानिकल इन्जिनियरले समेत प्रमाणित गरिसकेको हुदा उक्त टिप्पर तथा जे. सि. भि. को बिल अनुसारको रकम भुक्तानी समर्थन गर्ने निर्णय सर्वसमितिबाट पारित गरियो।

**निर्णय नं. ८** यस खत्याड गाउँपालिका अन्तर्गत वडा नं. ११ मा रहेको जग्गा ५ ग कित्ता नं. ५३८मा निर्मण भएको भवन जीर्ण अवस्थामा रहेको हुदा जतिखेर पनि भत्किने अवस्था भएको हुदा पठनपाठनमा रहेका बालबालिकामा चोटपटक लाग्ने सम्भावन भएको हुदा उक्त भवनलाई भत्काउने निर्णय सर्वसमितिबाट पारित गरियो।

**निर्णय नं. ९** आ.व. २०८१।०८२ मा यस खत्याड गाउँपालिकामा निर्माण गर्न आवश्यक देखिएका तपशिलका आयोजना छनोट गरी जिल्ला सिंचाइ कार्यालय मुगुमा पठाउने निर्णय सर्वसमितिबाट पारित गरियो।

तपशिल

१. भित्र खोला देखि भैचाना, लुइ, ठामलेख सि. कु. वडा नं. ११
२. रिगा देखि झुगलासम्म खा.पा. वडा नं. ८ र १०
३. दरि कोटिला आग्र कोटिलासम्म खा.पा. वडा नं. ५

**निर्णय नं. १०** खत्याड गाउँकार्यपालिकाको ६० औ बैठकबाट कृषि विकास शाखा अन्तर्गत फलफुल तरकारी अन्नबाली पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत वडा नं. ४ मा आलु खेति पकेट क्षेत्र तोकिएकोमा उक्त आलु खेतिलाइ हटाइ सिमि खेति गर्ने निर्णय पारित गरियो।